आधारभूत मानवीय

# मापदण्ड

## विपत्‌बाट प्रभावित व्यक्ति
## र समद्रदायहरू

यो पुस्तिका CHS एलायन्स, URD समूह र द स्फेयर परियोजनाद्वारा संयुक्त रूपमा तयार गरिएको 'Core Humanitarian Standard' को अनुवाद हो ।

**प्रकाशक** : आधारभूत मानवीय मापदण्ड एलायन्स, URD समूह र द स्फेयर परियोजना

**प्रथम संस्करण** : सन् २०१५

**ISBN: 978-2-8399-1564-9**

**सर्वाधिकार**

यस सामग्रीको कुनैपनि प्रतिलिपि अधिकार आधारभूत मानवीय मापदण्ड एलायन्स, URD समूह र द स्फेयर परियोजनामा सुरक्षित छ । जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्डले पुऱ्याउने योगदानलाई आत्मसात गर्दै शैक्षिक प्रयोजन, तालिम सामग्री, अनुसन्धान तथा कार्यक्रम गतिविधिहरूमा सहयोग पुऱ्याउन कुनै पनि विधिबाट यस सामग्रीको पुनरुत्पादन गर्न भने सकिनेछ। उल्लिखित यी सम्पूर्ण प्रयोजनहरूका लागि आधारभूत मानवीय मापदण्डबाट औपचारिक अनुमति अनिवार्य रूपमा प्राप्त गर्नुपर्दछ। सहजताको लागि ईमेल info@corehumanitarianstandard.org बाट अनुमति प्राप्त गर्न सकिन्छ ।

## प्रस्तावना

मानवीय विपद्को समयमा मानवीय सङ्घसंस्थाहरूले पालना गरिरहेका मानवीय मापदण्डहरू HAP, People in Aid र Sphere मा अन्तरनिहित मूलमर्महरूलाई समेटेर तयार परिएको संयुक्त मापदण्ड योजना (Joint Standards Initiatives- JSI) को प्रतिफलको रूपमा जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्डलाई लिएको छ। यो सामग्री तयार गर्दा संयुक्त मापदण्ड योजना (JSI) ले उल्लिखित मापदण्ड अवलम्बन गरिएका मुख्य तथा क्षेत्रीय कार्यालय र विपत् संवेदनशील देशका करिव २००० मानवीय सहयोगी कार्यकर्ताहरूसँग परामर्श गरेको थियो। जसले सङ्कटमा रहेका व्यक्ति तथा समुदायहरूलाई केन्द्रबिन्दुमा राखी मानवीय सिद्धान्तहरूको आधारमा एक समन्वयात्मक मान्यताको आवश्यकता रहेको पृष्ठपोषण प्रदान गऱ्यो ।

जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्ड, १२ महिना तथा ३ चरणमा गरिएको छलफलहरूको ठोस परिणाम हो । यस अवधिमा मानवीय सहयोगी कार्यकर्ता, सङ्कटमा रहेका व्यक्ति तथा समुदाय, विभिन्न गैरसरकारी संस्था, सञ्जाल, सरकारी निकाय, संयुक्त राष्ट्रसङ्घ, दातृनिकाय र शैक्षिक सङ्घसंस्थाहरूसँग आधारभूत मानवीय मापदण्डका विषयवस्तुहरूमाथि निरन्तर रूपमा छलफल गरिएको थियो । साथै यसको प्रमुख कार्यालय र स्थलगत रूपमा परीक्षण समेत गरिएको हो ।

विभिन्न छलफलबाट आएका सल्लाह एवम् सुझावहरूलाई मानवीय कार्य र मापदण्ड विकास गर्ने विज्ञ-प्राविधिक सहितको ६५ जना प्रविधिक सल्लाहकार समूहबाट उक्त मस्यौदामाथि धेरै पटक परिमार्जन गरिएको हो ।

अन्तर्राष्ट्रिय मानवीय जवाफदेहिता साझेदारी, पिपुल इन एइड् (PIA) र द स्फेयर परियोजनाको कार्यकारी समितिहरूले 'the 2010 HAP Standard in Accountability and Quality Management, the People in Aid Code of Good Practice in the Management and Support of Aid Personnel and the Core Standards section of the Sphere Handbook' लाई आधारभूत मानवीय मापदण्डले प्रतिस्थापन गर्नेछ भन्ने विश्वास लिएको छ ।

## कृतज्ञता ज्ञापन

आधारभूत मानवीय मापदण्डको रूपरेखा विकासमा पृष्ठपोषणसहित सहभागी हुने सयौँ सङ्घसंस्था तथा व्यक्तिहरूलाई धन्यवाद, जसले आफ्नै संस्थाभित्र या आधारभूत मानवीय मापदण्डको परामर्श प्रक्रियामा कुनै पनि समूहका तर्फबाट भाग लिए ।

परामर्श तथा परीक्षण प्रक्रियामा विपत्बाट प्रभावित विविध समुदाय तथा व्यक्तिहरूको सहभागिता स्वागतयोग्य थियो ।

उक्त मापदण्डमा एकरूपता ल्याउन, अन्तर्राष्ट्रिय HAP, सहयोगमा आबद्ध व्यक्तिहरू र परियोजना दायरा URD समूहद्वारा जोडिएका छन्, जसले COMPASS गुणस्तरको रूपरेखालाई आधारभूत मानवीय मापदण्डमा सामेल गराएको छ । आधारभूत मानवीय मापदण्ड प्राविधिक परामर्श समूह र यसको उपसमूह, प्राविधिक परिचालन समिति परामर्श प्रक्रियाको निरीक्षणमा जिम्मेवार थिए। आधारभूत मानवीय मापदण्डको लेखाइ समूह परामर्श प्रक्रियाको प्रत्येक चरणबाट प्राप्त पृष्ठपोषणलाई समावेश गरी आधार भूत मानवीय मापदण्डलाई संशोधन गर्न दिइएको थियो । प्राप्त परिणामहरू समावेशी, प्रतिनिधिमूलक

र वस्तुगत भएको सुनिश्चित गर्न आधारभूत मानवीय मापदण्ड परामर्श प्रक्रिया 'WolfGroup' का परामर्शदाताहरूबाट स्वतन्त्र सहयोग भयो ।

प्राविधिक परामर्श समूह, प्राविधिक परिचालन समिति र लेखाइ समूहका सबै सदस्यहरूको पूर्ण विवरण www.corehumanitarianstandard.org मा पाउन सकिन्छ; जसको अथक प्रयासविना आधारभूत मानवीय मापदण्ड परामर्श प्रक्रिया सम्भव थिएन ।

आधारभूत मानवीय मापदण्ड प्रक्रियामा नि:स्वार्थ रूपमा निम्नलिखित दाताहरूबाट सहयोग प्राप्त भएको छ:

अष्ट्रेलियन सरकारको परराष्ट्र तथा व्यापार विभाग; विदेश विकासको लागि क्याथोलिक निकाय (CAFOD); डेनमार्कको परराष्ट्र मन्त्रालय (Danida); सङ्घीय गणतन्त्र जर्मनीको विदेश विभाग; आइरिस एइड; स्वीडिस अन्तर्राष्ट्रिय सहयोग विकास निकाय; विकास र सहयोगको लागि स्वीस निकाय; बेलायती सरकारबाट बेलायती सहयोग र संयुक्त अधिराज्य सरकार ।

HAP अन्तर्राष्ट्रिय, सहयोगमा आबद्ध व्यक्तिहरू र परियोजना मानचित्र, आधारभूत मानवीय मापदण्ड प्रक्रियामा आर्थिक सहायता प्रदान गर्ने निम्नलिखित केन्द्रीय सदस्यहरूप्रति आभार प्रकट गर्दछ:

ACT समूह; अन्तर्राष्ट्रिय सहयोग (AAI); Aktion Deutschland Hilft; बेलायती रेडक्रस; विदेश विकासको लागि क्याथोलिक निकाय (CAFOD); केयर इन्टरनेशनल; Christian Aid; सामुदायिक विश्व सहयोग एशिया; DanChurchAid; लुथरन वर्ल्ड फेडरेशन; अन्तर्राष्ट्रिय सेभ द चिल्ड्रेन; सेभ द चिल्ड्रेन US तथा वर्ल्ड भिजन इण्टरनेशनल ।

## पृष्ठपोषण

आधारभूत मानवीय मापदण्डमा गरिएका हरेक सल्लाह एवम् सुझावहरूलाई अनुकरणीय मानिनेछ । यसका लागि info@corehumanitarianstandard.org मा पृष्ठपोषण दिन सकिनेछ ।

## पुनरावलोकन

डिसेम्बर 2019 सम्म, आधारभूत मानवीय मापदण्ड प्रयोगकर्ताहरूसँग यसको प्रयोग गर्दाका अनुभव तथा सिकाइहरूलाई www.corehumanitarianstandard.org मा पठाउन अनुरोध गरिन्छ । ती अनुभव तथा सिकाइहरूलाई CHS को दोस्रो संस्करणमा समेट्ने प्रयास गरिनेछ ।

## आधारभूत मानवीय मापदण्ड (CHS) अनुवाद टिपोट

आधारभूत मानवीय मापदण्ड अरेबिक, फ्रेन्च र स्पेनिस भाषामा उपलब्ध हुनेछ । अन्य भाषामा अनुवाद गर्न वा अनुकूल बनाउन info@corehumanitarianstandard.org मा सम्पर्क गरी नि:शुल्क रूपमा अनुवाद-निर्देशिका प्राप्त गर्न सकिन्छ ।

## सन्दर्भसामग्री

आधारभूत मानवीय मापदण्डको प्रयोगलाई सहजीकरण गर्न तयार पारिएको निर्देशिका तथा सामग्रीहरू www.corehumanitarianstandard.org मा नि:शुल्क रूपमा उपलब्ध छन् ।

# विषयसूची


(क) परिचय

(ख) आधारभूत मानवीय मापदण्डको संरचना

(ग) आधारभूत मानवीय मापदण्डको कार्यान्वयन

(घ) दाबी

(ङ) मानवकल्याणकारी सैद्धान्तिक कार्य

(च) नौ बुँदे प्रतिबद्धताहरू

(छ) उत्तरदायित्व, प्रतिबद्धता र कार्यहरू

१. विपत्‌बाट प्रभावित समुदाय र मानिसहरू आफ्ना आवश्यकता अनुसार उपयुक्त र सान्दर्भिक सहयोग प्राप्त गर्छन् ।

२. विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरूको उचित समयमा मानवकल्याणकारी सहयोगमा पहुँच छ ।

३. विपत्‌बाट प्रभावित समुदाय र मानिसहरू नकारात्मक रूपमा प्रभावित छैनन् र मानवकल्याणकारी परिणामस्वरूप बढी जागरुक पुनः निर्माण र कम खतर ामा छन् ।

४. विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरू आफ्नो कानुनी हक-अधिकार जान्दछन्; सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा पहुँच र ाख्छन् ।

५. विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूमा गुनासाहरूलाई सामना गर्ने सुर क्षित र अनुकूल संयन्त्रको पहुँच छ ।

६. विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरूले एकमुष्ट र परिपूरक सहयोग प्राप्त गर्दछन् ।

७. विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरू थप सहयोग वितरणको आशा राख्न सक्छन्; जब कि संस्थाहरूले अनुभव र कामको प्रतिछायाबाट सिक्छन् ।

८. विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरूले प्रतिस्पर्धात्मक तथा सु-व्यवस्थित कर्मचारी र स्वयंसेवकबाट सहयोग प्राप्त गर्दछन् ।

९. विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट स्रोतहरू प्रभावकारी रूपमा प्रयोग हुने गरी कुशलतापूर्वक नीतिसम्मत व्यवस्थापनको अपेक्षा गर्दछन् ।

(ज) शब्दकोश

# आधारभूत मानवीय मापदण्ड

## परिचय

प्रत्येक दिन विश्वभर फरक फरक जीवनशैली अपनाएका कयौं मानिसहरू अत्यावश्यकीय मानवकल्याणको क्षेत्रमा लागेका छन्; जसमा मानव पीडालाई रोक्ने वा कम गर्ने इच्छाशक्ति हुन्छ ।

आधारभूत मानवीय मापदण्डमा उत्कृष्टता र प्रभावकारिताको मापदण्डले आफ्ना मानवकल्याणकारी कार्यमा आबद्ध संस्था र व्यक्तिहरूका लागि नौ बुँदे प्रतिबद्धताहरु जरी गरेको छ । यी प्रतिबद्धताहरुबाट संस्था तथा व्यक्तिले गर्ने सहयोगमा उत्कृष्टता र प्रभावकारिता वृद्धि हुन्छ भन्ने विश्वास रहेको छ । यसले मानवकल्याणकारी संस्थाहरूको प्रतिबद्धतालाई ध्यानमा राख्दै सङ्कटमा परेका समुदाय र व्यक्तिहरूप्रतिको बृहत् उत्तरदायित्वलाई सबलीकरण गरेको छ ।

आधारभूत मानवीय मापदण्डले सङ्कटबाट प्रभावित समुदाय र त्यहाँका जनताहरूलाई मानवकल्याणकारी कार्यक्रमको केन्द्रमा राखेको छ । साथै उनीहरूको आधारभूत मानवअधिकारलाई सम्मानका साथ बढावा दिन्छ । यो समग्रमा सम्मानित जीवनको अधिकार र अन्तर्राष्ट्रिय कानूनले प्रस्ताव गरेको रक्षा-प्रतिरक्षाको अधिकार, साथसाथै मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय विधेयकद्वारा निर्देशित छ ।

मुख्य मापदण्डका रूपमा आधारभूत मानवीय मापदण्डले आधारभूत तत्वको रूपमा सैद्धान्तिक उत्तर दायित्वपूर्ण र उच्च गुणस्तरीय मानवकल्याणकारी कार्यको वकालत गर्दछ । मानवकल्याणमा आबद्ध संस्थाहरूले यसलाई आफ्ना आन्तरिक प्रक्रियाहरू क्रमबद्ध गर्न स्वैच्छिक सङ्केतका रूपमा प्रयोग गर्न सक्छन् । यसलाई कार्यक्षमताको वर्गीकरण गर्ने आधारको रूपका प्रयोग गर्न सकिन्छ । जसको लागि यसको सान्दर्भिकतालाई विभिन्न अवस्था र संस्थाहरूमा निश्चित गर्न एउटा विशेषसंरचना र सम्बन्धित निर्देशकहरूको विकास गरिएको छ ।

मानवकल्याणकारी कार्यमा जिम्मेवारी लिने वा योगदान प्रदान गर्ने विभिन्न व्यक्तिहरू, सङ्घसंस्थाहरू, सम्बन्धित निकायहरू, सङ्घसङ्गठनहरूका साथसाथै अन्य समूहद्वारा आधारभूत मानवीय मापदण्डलाई अगाडि बढाउन र कार्यान्वयन गर्न सकिन्छ । यद्यपि, आधारभूत मानवीय मापदण्ड मानवकल्याणकारी क्षेत्रमा लक्षित भएपनि अन्य सङ्घसंस्थाहरूले विपत्‌बाट ग्रसित मानव समुदायका लागि आफ्ना कार्यको

सम्पूर्ण पक्षहरूलाई अझ राम्रो र गुणस्तरयुक्त बृहत् जिम्मेवारी प्राप्त गर्न त्यसको सदुपयोग गर्न सक्छन् ।

विश्वव्यापीस्तरमा गरिएको गहन छलफल प्रक्रियाको प्रतिफलआधारभूत मानवीय मापदण्डहो । यसले अवलम्बन गरिरहेका मानवीय मापदण्ड र प्रतिबद्धताका सारतत्त्वहरूलाई एकसाथ समेटेको छ । जुन निम्नलिखित रहेका छन् :

- अन्तर्राष्ट्रिय रेडक्रस र रेडक्रेजिन्ट मुभमेन्ट तथा विपत्मा राहत प्रदान गर्ने गैरसरकारी संस्थाहरूको लागि तयार भएको आचारसंहिता
- जवाफदेहिता र गुणस्तर व्यवस्थापनमा मानवीय जवाफदेहिता साझेदारी मापदण्ड, २०१०
- एक्ब्का उचित अभ्यासहरू सहयोगी कर्मचारीको व्यवस्थापन र सहायतामा प्रयोग गर्ने
- द स्फेयर निर्देशिका आधारभूत मापदण्डहरू र मानवीय घोषणा पत्र
- गुणस्तर COMPAS
- प्रतिष्ठित अन्तर-निकायका प्रभावित व्यक्ति वा समुदायप्रति रहने क्ष्लतभच(ब्नभल अथ क्तबलमष्लन ऋयक्ष्ततभभ का प्रतिबद्धताहरू
- आर्थिक सहायता र विकासका लागि सङ्गठन (OECD) र विकास सहायता समिति (DAC) को मापदण्डका आधारमा विकास र मानवीय सहायताको मूल्याङ्कन गर्ने ।

# आधारभूत मानवीय मापदण्डको संरचना

आधारभूत मानवीय मापदण्ड ९ऋज्क०ले सङ्कटबाट प्रभावित व्यक्ति तथा समुदायका लागि नौ बुँदे प्रतिबद्धताहरू प्रस्तुत गरेको छ । जसमा उनीहरूले मानवीय सहयोग प्रदान गर्दै आइरहेका संस्था र व्यक्तिहरूबाट के अपेक्षा गरेका हुन्छन् भन्ने विषयमा जोड दिएको छ । प्रत्येक प्रतिबद्धता गुणस्तरको मापदण्डबाट निर्देशित भएको हुन्छ; जसले मानवीय सहयोगी संस्था र कर्मचारीहरूले कसरी काम गर्नुपर्छ भन्ने जनाउँछ । आधारभूत मानवीय मापदण्डका संरचना निम्नानुसार रहेका छन् :

- नौ बुँदे प्रतिबद्धताहरू
- सहयोगी गुणस्तर मापदण्ड
- प्रतिबद्धतालाई पूरा गर्न अपनाउनुपर्ने मुख्य कार्यहरूर
- संस्थाका मुख्य क्रियाकलापहरूको अविच्छिन्न एवम्प्रक्रियागत कार्यान्वयनमा सहयोग पुऱ्याउने संस्थागत उत्तरदायित्व

मुख्य कार्य तथा संस्थागत उत्तरदायित्वहरूलाई निम्नानुसार व्याख्या गर्न सकिन्छ :

- मानवीय सहयोगी कार्यमा आबद्ध कर्मचारीहरूले उच्चगुणस्तरयुक्त कार्यक्रम कसरी सही तरिकाले प्रदान गर्ने र अपेक्षित व्यक्तिहरूप्रति कसरी जिम्मेवार बन्ने र
- मानवीय सहयोगी कार्यमा संलग्न कर्मचारीले प्रदान गर्ने उच्च-गुणस्तरयुक्त तथा जिम्मेवारीपूर्ण मानवीय सहयोगलाई नीतिगत, प्रक्रियागत तथा संस्थागत तहमा सुनिश्चित गर्ने ।

CHS मा प्रयोग भएका शब्दहरूको विशेष अर्थसहितको व्याख्या यस पुस्तिकाको अन्त्यमा दिइएको छ ।

# आधारभूत मानवीय मापदण्डका गुणस्तर र उत्तरदायित्वहरू



# आधारभूत मानवीय मापदण्डको कार्यान्वयन

आधारभूत मानवीय मापदण्डका सम्पूर्ण नौ बुँदे प्रतिबद्धताहरू पूरा गर्न प्रतिबद्ध सङ्घसंस्थाहरू; न्यूनतम ती सङ्घसंस्थाहरूका आफ्ना प्रणाली, संरचना तथा प्रयासहरूमा लगातार सुधार गर्दै उनीहरूको मानवकल्याणकारी प्रतिक्रियाको गुणस्तर र जिम्मेवारीमा निरन्तर सुधार ल्याउने आशा गरिएको छ । यद्यपि, मानवकल्याणकारी कार्यमा आबद्ध सङ्घसंस्थाहरू तथा व्यक्तिहरू फरक फरक हुन्छन् । तिनीहरूले यथासमयमा काम गर्न आवश्यक छ र आफूले संस्थामा प्रदान गर्ने भूमिका तथा कार्यक्षमताका साथै समावेश हुने चरण र अवस्थालाई आत्मसात गर्नुपर्दछ ।

जब सङ्घसंस्थाहरूले नौ बुँदे प्रतिबद्धताहरू पूरा गर्दा कठिनाइ सामना गर्छन्, त्यस्ता समस्यामा पर्नबाट कसरी- बच्ने र सम्बोधन गर्ने भन्ने कुरामा विचार पुऱ्याउनुपर्छ र उक्त परिस्थितिबाट सिक्नु पनि पर्दछ । जस्तै- विकास प्रक्रियाको विरुद्धमा आउने अवरोधबाट पार पाउने उपायहरू ।

आधारभूत मानवीय मापदण्डको आवेदन विश्लेषण जिम्मेवारी लिएको संस्थाले प्रस्तावित नौ बुँदे प्रतिबद्धताहरू प्राप्त गर्ने स्तरमा गरिनुपर्दछ । मुख्य कार्यहरू लागू भएका छन् अथवा संस्थागत जिम्मे वारीहरू पूरा भएका छन् या छैनन् भन्ने कुरामा मात्र सीमित रहँदैन । त्यसैकारण आधारभूत मानवीय मापदण्डका आवश्यक मुख्य कार्यहरू परिस्थितिअनुकूल ढाल्नु आवश्यक छ ।

**आधारभूत मानवीय मापदण्ड त्यस्ता सङ्घसंस्था र व्यक्तिहरूमा लागु हुन्छ,जो–**

- विपत्बाट प्रभावित व्यक्ति तथा समुदायहरु लाई प्रत्यक्ष सहयोग प्रदान गर्दछः
- अन्य संस्थाहरूलाई आर्थिक, भौतिक अथवा प्राविधिक सहयोग प्रदान गर्ने (तर प्रत्यक्ष ¿पमा आफ् नो सहभागिता नजनाउने) अथवा
- यी दुवै लगायताका तरिकालाईसँगै समेट्ने ।

**मानवकल्याणकारी कार्यमा आबद्ध रहनेहरूबाट विभिन्न तरिकाले प्रयोग गर्न सकिने ढङ्गबाट आधारभूत मानवीय मापदण्डको योजना बनाइएको छ, जुन निम्नलिखित रूपमा समावेश गरिएका छन्ः**

- विपत्बाट प्राभावित व्यक्ति तथा समुदायको जिम्मेवारीलाई बृहत् रूपमा बढावा दिनलाई उनीहरूलाई प्रदान गरिने सेवाको गुणस्तरमा सुधार ल्याउने
- आधारभूत मानवीय मापदण्डको अग्रगामी कार्यान्वयन तथा निरन्तर सुधारको लागि कार्ययोजना विकास गर्ने
- आधारभूत मानवीय मापदण्डसंरचनाको सहायताले विद्यमान संस्थागत र प्राविधिक मापदण्डलाई सहयोग गर्न गुणस्तर तथा उत्तरदायित्वपूर्ण अनुगमन गर्ने
- आत्ममूल्याङ्कन तथा कार्यक्रमको गुणस्तरमा सुधार ल्याउने
- नियमअनुसार कार्य वा व्यवहारको पुष्टि वा प्रमाणीकरण गर्ने र यसलाई अरू सामु प्रस्तुत गर्ने
- आधारभूत मानवीय मापदण्डको संस्थागत उत्तरदायित्व वहन गर्दै, जहाँ सान्दर्भिक छ, त्यहाँ आन्तरिक प्रक्रियाबद्ध सहयोगद्वारा संस्थाको लक्ष्य र जिम्मेवारीपूर्ण कर्मचारीका लागि आन्तरिक सहयोग गर्ने ।

**आधारभूत मानवीय मापदण्डआत्मासात गर्न निर्णय लिने सङ्संस्थाहरूले संस्थाको भित्र र बाहिर दुबैतिरबाट आधारभूत मानवीय मापदण्डप्रबर्द्धन गर्नुपर्दछ ।**

साझेदारीमा काम गरिरहेका संस्थाहरूले आधारभूत मानवीय मापदण्डप्रतिको प्रतिबद्धता वर्णन गर्नुपर्दछ । ती संस्थाहरूको साझेदारीमा नौ बुँदे प्रतिबद्धताहरू पूरा गर्ने सम्बन्धमा कसरी समझदारी खोज्छन्, त्यसै गरी तिनीहरूले आधारभूत मानवीय मापदण्डप्रतिबद्धताहरू लागू गर्न सक्छन् ।

## दाबी

मानवकल्याणकारी कार्यमा संलग्न कुनै पनि व्यक्ति वा संस्थालाई आधारभूत मानवीय मापदण्डको प्रयोग तथा स्वीकार गर्न प्रोत्साहित गरिन्छ र उनीहरुले "हामी आधारभूत मानवीय मापदण्डको आह्वानसँगै काम गरिरहेका छौं ।"भन्न सक्छन् । संस्थाहरूले आधारभूत मानवीय मापदण्डको निर्देशनअनुसार उद्देश्यहरूको पुष्टि गरेमा मात्र आधारभूत मानवीय मापदण्डमा भएको दाबी गर्न सक्छन् ।

## मानवकल्याणकारी सैद्धान्तिक कार्य

मानवकल्याणकारी कार्यको केन्द्रमा मानिसहरू रहन्छन् । विपत्प्रति गरिने कुनैपनि प्रतिक्रियाको मुख्य उत्प्रेरणा भनेको जीवन बचाउनु, मानवीय पीडालाई कम गर्नु र सम्मानित जीवनको अधिकारबारे वकालत गर्नु हो ।

मानवकल्याणकारी संस्थाहरूले पहिले मानवसेवाको दायित्व पूरा गर्ने अनि मात्र खोजी भन्ने कुरा महसुस गर्दछन्, त्यसैले अन्ततः आवश्यक परेमा मानवीय सहयोग प्रदान गर्नुपर्दछ ।

**मानवकल्याणकारी कार्यका बृहत् रूपमा स्वीकार गरिएका चार ओटा निर्दिष्ट सिद्धान्तहरू निम्नलिखित छन् :**

- **मानवताः** मानवीय पीडा जहाँ देखिन्छ, त्यही सम्बोधन गर्नै पर्दछ । मानवकल्याणकारी कार्यको मुख्य उद्देश्य नै जीवन र स्वास्थ्यलाई बचाउनु तथा मानवप्रति गरिने सम्मानको सुनिश्चितता प्रदान गर्नु हो ।
- **निष्पक्षताः** मानवकल्याणकारी कार्यको आवश्यकतालाई मात्र आधार बनाएर पूरा गर्नै पर्दछ, जसमा कुनै राष्ट्रियता, जाति, लिङ्ग, धार्मिक आस्था, वर्ग वा राजनीतिक विचारको आधारमा भेदभाव नगरी पीडा/सङ्कटको सबभन्दा अत्यावश्यक अवस्थालाई प्राथमिकता दिनुपर्दछ ।
- **स्वत्रन्त्रताः** मानवकल्याणकारी कार्य तथा यसका कार्ययोजनाहरू लागू गरिने कार्यक्षेत्रहरू– राजनीति, अर्थ, सैन्य तथा अन्य उद्देश्यहरूबाट स्वतन्त्र हुनुपर्दछ, ताकि कुनै पनि अभिकर्ताले काम गर्न सकोस् ।
- **तटस्थताः** मानवकल्याणकारी क्षेत्रमा काम गर्ने व्यक्तिले कुनै पक्षको पक्षधरता र शत्रुतापूर्ण व्यवहार गर्नु हुँदैन अथवा कुनै राजनीतिक, जातीय, धार्मिक वा सैद्धान्तिक विचारका आधारमा हेरिनुहुँदैन ।

मानवकल्याणकारी सिद्धान्तहरू सबै मानवीय कार्यका केन्द्रबिन्दु हुन् । तिनीहरूले मानवकल्याणकारी कार्यलाई निर्देशन गरी ती कार्यलाई अन्य क्रियाकलापहरूबाट अलग राख्न आवश्यक दिशानिर्देशगर्दछन् । आधारभूत मानवीय मापदण्डका प्रतिबद्धताहरू, गुणस्तर प्रक्रिया, मुख्य कामहरू र संस्थागत जिम्मेवारीहरू गरी चारओटा सिद्धान्तहरूमा आबद्ध गरिएका छन् ।

अन्तर्राष्ट्रिय मानवकल्याणकारी कानून, अन्तर्राष्ट्रिय मानवअधिकार कानून र अन्तर्राष्ट्रिय शरणार्थी कानुनले व्यक्तिगत र सामूहिक सुरक्षासँग सम्बन्धित आधारभूत कानूनी मापदण्ड तय गरेको छ, जुन तिनीहरूलाई प्रदान गरिने सहयोगको प्रकृतिसँग सम्बन्धित हुन्छ । साथै मानवकल्याणकारी विधायिकाले प्रकोप र द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई सेवा प्रदान गर्ने केन्द्रीय कानूनी सिद्धान्तहरूको सङ्क्षेपीकरण गरेको छ ।

आधारभूत मानवीय मापदण्ड लागू गर्नेहरूले आफ्नो क्षेत्रभित्र प्रकोप र सशस्त्र द्वन्द्वबाट प्रभावितलाई बचाउन र सहयोग गर्न राज्य र अन्य सम्बन्धित अधिकारीहरूका मुख्य जिम्मेवारीलाई थाहा पाउनुपर्छ । मानवकल्याणकारी कार्यमा यी जिम्मेवारीहरूलाई कमजोर ठान्नु हुँदैन । वास्तवमा, जहिले सम्भव छ, सम्पन्न गरिनुपर्दछ ।

## नौ बुँदे प्रतिबद्धताहरू

१. विपत्बाट प्रभावित व्यक्ति र समद्रदायहरू आफ्ना आवश्यकताअनद्रसार उपयद्रक्त र सान्दर्भिक सहयोग प्राप्त गर्छन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया उपयुक्त र सान्दर्भिक छ ।

२. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूको उचित समयमा मानवकल्याणकारी सहयोगमा पहँद्रच छ ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया प्रभावकारी र यथासमयमा छ ।

३. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरू नकारात्मक रूपमा प्रभावित छैनन् र मानवकल्याणकारी कार्य परिणामस्वरूप बढी जागरुक, पद्रनः निर्माण र कम खतरामा छन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रियाले स्थानीय क्षमतालाई थप मजबुत बनाउँछ र नकारात्मक असरलाई हटाउँछ ।

४. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरू आफ्नो कानूनी हक-अधिकार जान्दछन्, सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा पहद्रँच राख्छन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित छ ।

५. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूमा गद्रनासाहरू सामना गर्न सद्ररक्षित र अनद्रकूल संयन्त्रको पहद्रँच छ ।

**गुणस्तर मापदण्डः** गुनासाहरूलाई स्वागत र सम्बोधन गरिन्छ ।

६. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूले एकमद्रष्ट र परिपूरक सहयोग प्राप्त गर्दछन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रियाको सहयोग एकमुष्ट र परिपूरक छ ।

७. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरू थप सहयोग वितरणको आशा राख्न सक्छन्; जबकि संस्थाहरूले अनद्रभव र कामको प्रतिछायाबाट सिक्छन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी अभिकर्ताहरू निरन्तर सिक्छन् र सुधार ल्याउँछन् ।

८. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूले प्रतिस्पर्धात्मक तथा सद्रव्यवस्थित कर्मचारी र स्वयंसेवक बाट सहयोग प्राप्त गर्दछन् ।

**गुणस्तर मापदण्डः** कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढङ्गले गर्न सहयोग गरिन्छ साथै नष्पक्ष र समान व्यवहार गरिन्छ ।

९. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट स्रोतहरूको कद्रशलतापूर्वक प्रभावकारी तथा नीतिसम्मत व्यवस्थापनको अपेक्षा गर्दछन् ।

**गुणस्तर मापदण्डः** स्रोतहरू निर्देशित उद्देश्यको लागि अनुकूल तरिकाले व्यवस्थापन र प्रयोग गरिन्छ ।

## उत्तरदायित्व, प्रतिबद्धता र कार्यहरू

### १. विपत्बाट प्रभावित समुदाय र मानिसहरू आफ्ना आवश्यकताअनुसार उपयुक्त र सान्दर्भिक सहयोग प्राप्त गर्छन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया उपयुक्त र सान्दर्भिक छ ।

**मुख्य कामहरू**

१.१ अवस्था र दाताहरूको प्रक्रियागत, वस्तुगत र चालु प्रक्रियाको विश्लेषण गर्नु ।

१.२ आवश्यकता र जोखिमको पूर्वाग्रहरहित मूल्याङ्कन र विभिन्न समूहका क्षमता र कमजोरीहरूको बुझाइमा आधारित उचित कार्यक्रमको योजना र कार्यान्वयन गर्नु ।

१.३ परिवर्तित आवश्यकता, क्षमता र अवस्था अनुकूल कार्यक्रम लागू गर्नु ।

**संस्थागत उत्तरदायित्वहरू**

१.४ नीतिहरूले प्रकोपबाट प्रभावित समुदाय र व्यक्तिहरूको आवश्यकता र क्षमतामा आधारित पूर्वाग्रहरहित सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछन् ।

१.५ नीतिहरूमा प्रतिबद्धताहरू निर्धारण गरिएको छ; जसले पिछडिएका वा सीमान्तकृत जनतासहित समुदायको विविधतालाई महत्व दिन्छ । यसमा असङ्गठित तथ्यलाई सङ्कलन गरिन्छ ।

१.६ अवस्थाको निरन्तर विश्लेषण उचित तरिकाले गर्ने प्रक्रियाहरू तय गरिएका हुन्छन् ।

## २. विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरूको उचित समयमा मानवकल्याणकारी सहयोगमा पहुँच छ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया प्रभावकारी र यथासमयमा छ।

**मुख्य कामहरू**

२.१ दबाबलाई सम्बोधन गर्ने कार्यक्रम निर्माण गर्नु; जसले निर्धारित काम वास्तविक र समाजको लागि सुरक्षित हुन्छ। (रिफ्रेन्स ????)

२.२ मानवकल्याणकारी प्रतिक्रियालाई अनावश्यक ढिलासुस्ती नगरी यथासम्भव निर्णय गरी सम्प्रेषण गर्नु।

२.३ संस्थाहरूका सम्पर्कमा नआएका आवश्यकतालाई उपयुक्त प्राविधिक निपूर्णताका लागि आदेश दिन अथवा ती आवश्यकताको सम्बोधननिम्ति वकालत गर्नु।

२.४ योजना बनाउन र कार्यक्रम कार्यान्वयनको लागि मानवकल्याणकारी क्षेत्रभरि प्रयोग भएका सान्दर्भिक प्राविधिक मापदण्ड र उचित प्रयासको प्रयोग गर्नु।

२.५ मानवकल्याणकारी कार्यक्रमलाई समयानुकूल बनाउन तथा कमजोर प्रस्तुतिलाई सम्बोधनको लागि मानवकल्याणकारी प्रतिक्रियामुखी क्रियाकलाप र परिणामको अनुगमन गर्नु।

**संस्थागत उत्तरदायित्वहरू**

२.६ कार्यक्रमका प्रतिबद्धताहरू संस्थागत क्षमतासहित क्रमबद्ध भए/नभएका निश्चित गर्ने।

२.७ नीतिगत प्रतिबद्धताहरूले निश्चित गर्छन्:

(क) क्रियाकलापहरू र तिनीहरूको असरको प्रक्रियागत, वस्तुगत निरन्तर अनुगमन तथा मूल्याङ्कन,

(ख) अनुगमन र मूल्याङ्कनबाट प्राप्त प्रमाणलाई समयानुकूल सुधार र

(ग) प्राप्त स्रोतहरूका साथसाथै उचित समयमा निर्णय।

## ३. मानवकल्याणकारी परिणामस्वरूप विपत्‌बाट प्रभावित समुदाय र मानिसहरू नकारात्मक रूपमा प्रभावित छैनन्, पुनः निर्माणमा बढी जागरुक र कम खतरामा छन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रियाले स्थानीय क्षमतालाई थप मजबुत बनाउँछ र नकारात्मक असरलाई हटाउँछ ।

**मुख्य कामहरू**

३.१ स्थानीय क्षमतामा निर्मित कार्यक्रमहरू निश्चित गर्नु तथा विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरूमा नयाँ शक्ति विकास गर्नु ।

३.२ विद्यमान सामुदायिक विपत्तिको नतिजा र खतराको मूल्याङ्कन र सहयोगी क्रियाकलापका लागि तयारी योजनाको प्रयोग ।

३.३ भविष्यमा हुन सक्ने विपत्‌मा प्रथम सेवाप्रदायकका रूपमा स्थानीय नेतृत्व र संस्थालाई क्षमतायोग्य बनाउनु; जसमा पिछडावर्ग र सीमान्तकृत समूहको उचित प्रतिनिधित्व निश्चित गर्नुपर्छ ।

३.४ मानवकल्याणकारी कार्यक्रमको प्रारम्भिक अवस्थामा सङ्क्रमण र बहिर्गमन रणनीतिबाट दीर्घकालीन सकारात्मक प्रभावको सुनिश्चितता गर्दै परनिर्भरताको जोखिमलाई कम गर्नङ्घ ।

३.५ कार्यक्रमहरूको योजना र कार्यान्वयन गर्न, जसले प्रारम्भिक प्रकोपको क्षतिपूर्ति गर्छ र स्थानीय अर्थतन्त्रलाई फाइदा पुऱ्याउँछ ।

३.६ यी तलका क्षेत्रहरूमा उत्पन्न हुन सक्ने सम्भावित अथवा अनपेक्षित नकारात्मक असरहरू पत्ता लगाई समयमै सही तरिकाले काम गर्नुपर्छ ।

(क) व्यक्तिको सम्मान, अधिकारको रक्षा र सुरक्षा

(ख) कर्मचारीबाट यौन-शोषण र दुर्व्यवहार

(ग) सांस्कृतिक, लैङ्गिक, सामाजिक र राजनीतिक सम्बन्ध

(घ) जीवनशैली

(ङ) स्थानीय अर्थतन्त्र र

(च) वातावरण आदि ।

**संस्थागत उत्तरदायित्वहरूः**

३.७ नीतिगत रणनीति र मार्गदर्शन,

३.८ कार्यक्रमका नकारात्मक असरहरू; जस्तै–कर्मचारीबाटै प्रकोप प्रभावित व्यक्ति र समुदायलाई हुनसक्ने यौन-शोषण, दुर्व्यवहार वा भेदभावबाट बचाउनु,

३.९ स्थानीय क्षमतालाई मजबुत बनाउनु,

३.१० प्रकोपबाट प्रभावित व्यक्ति र समुदायहरूबाट सङ्कलित व्यक्तिगत सूचनालाई हिफाजत गर्न निश्चित पद्धतिहरू तय गरिनु ।

## ४. विपत्‌बाट प्रभावितव्यक्तिर समुदायहरू आफ्नो कानूनी हक–अधिकार जान्दछन्‌ह सूचना तथा आफूलाई प्रभाव पार्ने निर्णय लिने प्रक्रियामा पहुाच राख्छन्‌ ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया सञ्चार, सहभागिता र पृष्ठपोषणमा आधारित छ ।

**मुख्य कामहरू**

४.१ विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूलाई संस्थाको बारेमा, यसले पालना गरेका सिद्धान्तहरू, कर्मचारीबाट कस्तो व्यवहारको आशा गर्छन्, यसले लागू गरिरहेका कार्यक्रमहरू र तिनीहरूले के प्रदान गर्न चाहन्छन्‌ भन्ने सम्बन्धमा जानकारी प्रदान गर्नु,

४.२ समुदायका सदस्यहरू,विशेष गरी कमजोर र सीमान्तकृत जनताहरूले सजिलै बुझ्ने भाषा, संरचना र माध्यममा सम्मानित तरिकाले सञ्चार गर्नु,

४.३ विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूलाई कामको सबै तहमा समावेशी प्रतिनिधित्व निश्चित गर्नु,

४.४ विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूलाई प्रोत्साहन र सहयोग गर्नु, जसमा निश्चित लिङ्ग, उमेर र विविधतामा उनीहरूलाई प्राप्त सहयोगको सन्तुष्टिको तहलाई आधार मानिन्छ ।

**संस्थागत उत्तरदायित्वहरू**

४.५ सूचनाप्रवाहको लागि नीतिहरू र खुला सञ्चारको संस्कृतिलाई बढावा दिन्छ,

४.६ कार्यान्वयनमा भएका नीतिहरूले विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूको प्राथमिकतालाई जनाउँछ र कामको सबै तहका खतरालाई पत्ता लगाउँछ,

४.७ बाह्य सञ्चारहरू विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूलाई आत्मसम्मानित मानवजातिको रूपमा लिँदै, सही र सम्मानपूर्वक आर्थिक सहायता बढाउनको प्रयोग गरिन्छन्‌ ।

## ५. विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूमा गुनासाहरूलाई सामना गर्न सुरक्षित र अनुकूल संयन्त्रको पहुाच छ ।

**गुणस्तर मापदण्डः** गुनासाहरूलाई स्वागत र सम्बोधन गरिन्छ ।

**मुख्य कामहरू**

५.१ गुनासाहरूलाई समाधान गर्ने प्रक्रियाको नमुना तयार गरी कार्यान्वयन तथा अनुगमनको लागि विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूसँग सहकार्य गर्नु ।

५.२ गुनासोलाई स्वागत र स्वीकार गर्नु र यसको संयन्त्रलाई कसरी यसले सम्बोधन गर्ने; मुद्दाको दायरालाई सञ्चार गर्ने ।

५.३ गुनासोलाई यथा समयमा, निष्पक्ष र सही तरिकाले व्यवस्थापन गर्नु; जसले आलोचकहरू र सबै तहमा प्रभावितहरूको सुरक्षालाई प्राथमिकता दिन्छ ।

**संस्थागत उत्तरदायित्वहरू**

५.४ विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूको लागि गुनासो व्यवस्थापन प्रक्रियाको प्रमाणको लेखाजोखा तय गरिएको छ । यस प्रक्रियाले कार्यक्रम, यौन-शोषण र दुर्व्यवहार तथा अन्य शक्तिको दुरूपयोगलाई समेट्नुपर्दछ ।

५.५ एक साङ्गठनिक संस्कृतिमा गुनासोलाई गम्भीर रूपमा लिइन्छ, साथै निर्देशित नीति तथा प्रक्रियाको आधारमा कार्यान्वयन गरिन्छ ।

५.६ विपत्बाट प्रभावित व्यक्ति र समुदायहरूमानवकल्याणकारी संस्थाका कर्मचारीबाट अनपेक्षित व्यवहार, यौन-शोषण तथा दुर्व्यवहार रोक्न संस्थागत प्रतिबद्धताहरूसहित पूर्ण रूपमा सचेत गराइएका छन् ।

५.७ यस सङ्गठनको क्षेत्रभित्र नपर्ने गुनासाहरू एक कुशल कार्यको लागि सम्बन्धित सङ्गठन वा सम्बन्धित निकायमा पठाइन्छ ।

## ६. विपत्बाट प्रभावित समुदाय र व्यक्तिहरूले एकमुष्ट र परिपूरक सहयोग प्राप्त गर्दछन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी प्रतिक्रिया सहयोग एकमुष्ट र परिपूरक छ ।

**मुख्य कामहरू**

६.१ विभिन्न दाताहरूको भूमिका, जिम्मेवारी, क्षमता र रुचिहरू पत्ता लगाउनु ।

६.२ मानवकल्याणकारीप्रतिक्रियालाई राष्ट्रिय र स्थानीय तहमा अन्य मानवकल्याणकारी क्षेत्रमा लागेका सङ्घसंस्थाहरूसँग परिपूरणको सुनिश्चितता गर्नु ।

६.३ समुदायको मागलाई कम गर्न र बृहत् मानवकल्याणकारी कार्यमा गरिने प्रयासको क्षेत्र र सेवाको व्यवस्थालाई बढाउन सम्बद्ध निकायसँग सरसहयोगमा भाग लिई सहकार्य गर्नु ।

६.४ साझेदारहरू, सहकारी समूहहरू र अन्य सम्बद्ध व्यक्तिहरूसँग उपयुक्त सञ्चार माध्यमबाट आवश्यक सूचना बाँड्नु ।

**संस्थागत उत्तरदायित्वहरू**

६.५ मानवकल्याणकारी सिद्धान्तमा सम्झौता नगरी नीति र रणनीतिहरूमा अन्य राष्ट्रिय तथा स्थानीय निकायसँगको सहयोग र सहकार्यको स्पष्ट प्रतिबद्धता समावेश हुन्छ ।

६.६ साझेदारसँगको काम स्पष्ट र स्थायी सम्झौताबाट निर्देशित हुन्छ । प्रत्येक साझेदारको भूमिका, बाध्यता र स्वतन्त्रतालाई सम्मान गर्नुका साथै उनीहरूको समस्या र प्रतिबद्धतामा ख्याल पुऱ्याउँछ ।

## ७. वपत्बाट प्रभावित समुदाय र व्यक्तिहरू थप सहयोग वितरणको आशा राख्न सक्छन्ह जब कि संस्थाहरूले अनुभव र कामको प्रतिछायाबाट सिक्छन् ।

**गुणस्तर मापदण्डः** मानवकल्याणकारी अभिकर्ताहरू निरन्तर सिक्छन् र सुधार ल्याउँछन् ।

**मुख्य कामहरू**

७.१ आर्जित ज्ञान र पूर्वअनुभवलाई कार्यक्रम निर्माणमा लगाउनु ।

७.२ अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषणको आधारमा परिवर्तनबाट सिक्नु, नयाँ कुराको विकास गरीत्यसलाई लागू गर्नँ ।

७.३ विपत्बाट प्रभावित व्यक्ति तथा समुदाय र दाताहरूका बीच आन्तरिक रूपमा सिकाइ र नयाँ अभियानका कुरा आदानप्रदान गर्नु ।

**संस्थागत उत्तरदायित्वहरू**

७.४ मूल्याङ्कन र सिकाइ नीतिहरू सम्बन्धित क्षेत्रमा हुन्छन्, जसमा अन्य अनुभवबाट सिक्ने, प्रयासहरूमासुधार गर्ने साधनहरू उपलब्ध हुन्छन् ।

७.५ ज्ञान र अनुभवको अभिलेख राख्न र सङ्गठनभरि प्रयोग गर्नलाई विभिन्न संयन्त्रहरू विद्यमान हुन्छन् ।

७.६ संस्थाले मानवकल्याणकारी प्रतिक्रियामा समकक्षका क्षेत्रभित्र सिकाइ र नयाँ विचारलाई बढावा दिन्छ ।

## ८. विपत्‌बाट प्रभावित समुदाय र व्यक्तिहरूले प्रतिस्पर्धात्मक तथा सु-व्यवस्थित कर्मचारी र स्वयंसेवकबाट सहयोग प्राप्त गर्दछन् ।

**गुणस्तर मापदण्डः** कर्मचारीहरूलाई आफ्नो काम प्रभावकारी ढङ्गले गर्न सहयोग गरिन्छ र निष्पक्ष तथा समान व्यवहार गरिन्छ ।

**मुख्य कामहरू**

८.१ कर्मचारीहरू संस्थाको आदेश तथा मूल्य-मान्यताका साथै सम्झौता गरिएका लक्ष्य तथा कार्यसम्पादन मापदण्डअनुसार काम गर्छन् ।

८.२ कर्मचारीहरू आफूलाई आवश्यक नीतिहरूको पालना गर्छन् साथै पालना नगर्दाको परिणाम पनि बुझ्छन् ।

८.३ कर्मचारीमा आवश्यक व्यक्तिगत, प्राविधिक र व्यवस्थापकीय दक्षताको विकास र त्यसको प्रयोगमा आफ्नो भूमिका पूरा गर्दा संस्थाले उक्त काम गर्न कसरी सहयोग गर्छ भन्ने कुरा बुझ्छन् ।

**संस्थागत उत्तरदायित्वहरू**

८.४ संस्थामा आफ्ना कार्यक्रमहरू प्रवाह र व्यवस्थापन गर्न सक्ने क्षमता तथा दक्षता भएका कर्मचारीहरू राख्दछ ।

८.५ कर्मचारीका नीति र प्रक्रियाहरू निष्पक्ष, स्पष्ट, भेदभावरहित र स्थानीय रोजगारीमूलक कानून अनुसार हुन्छन् ।

८.६ जागिरको वर्णन, कामको उद्देश्य र पृष्ठपोषण प्रक्रियाहरू सम्बन्धित तहमा हुन्छन्, जसले गर्दा कर्मचारीहरू आफूलाई के आवश्यक छ भनी स्पष्ट बुझ्छन् ।

८.७ निश्चित तहमा आचारसंहिता हुन्छ, जसले कर्मचारीलाई मानिसहरूमा कम्तीमा दुर्व्यवहार अथवा भेदभाव नगर्न बाध्य पार्दछ ।

८.८ नीतिहरू कर्मचारीलाई सीप र क्षमता वृद्धि गर्न तय गरिएका हुन्छन् ।

८.९ नीतिहरू कर्मचारीको सुरक्षा र भलाइको लागि तय गरिएका हुन्छन् ।

**९. विपत्‌बाट प्रभावित व्यक्ति र समुदायहरूले आफूलाई सहयोग गरिरहेका संस्थाहरूबाट स्रोतको प्रभावकारी प्रयोग हुने गरीकुशलतापूर्वक नीतिसम्मत व्यवस्थापनको अपेक्षा गर्दछन् ।**

**गुणस्तर मापदण्डः** निर्देशित उद्देश्यप्राप्तिका लागि अनुकूल तरिकाले स्रोतहरूको व्यवस्थापन र प्रयोग गरिन्छ ।

**मुख्य कामहरू**

९.१ गुणस्तर, खर्च र समयावधिलाई सन्तुलन राख्दै स्रोतहरूको प्रभावकारी प्रयोगको सुनिश्चिततताको लागि कार्यक्रमहरू तयार पार्नु र लागू गर्नु ।

९.२ लक्षित उद्देश्य प्राप्त गर्न स्रोतहरूको व्यवस्थापन र प्रयोग; जसले अनावश्यक खर्चलाई कम गर्छ ।

९.३ आम्दानीको तुलनामा खर्चको अनुगमन गर्नु र विवरण दिनु ।

९.४ स्थानीय र प्राकृतिक स्रोतको प्रयोग गर्दा वातावरणमा त्यसले पार्ने असर ख्याल गर्नु ।

९.५ भ्रष्टाचारको खतरालाई व्यवस्थापन गर्नु र यदि यसको प्रमाण भेटिएमा उचित कदम चाल्नु ।

**संस्थागत उत्तरदायित्वहरू**

९.६ स्रोतहरूको प्रयोग र व्यवस्थापनको लागि निम्नलिखित नीति तथा प्रक्रियाहरू तय गरिएका छन्:

(क) नैतिक र कानूनी रूपमा कोष तथा उपहार ग्रहण गर्ने र वितरण गर्ने ।

(ख) वातावरणमैत्री तरिकाबाट स्रोतहरू प्रयोग गर्ने ।

(ग) भ्रष्टाचार, ठगी, द्वन्द्व तथा स्रोतहरूको दुरुपयोग रोक्ने ।

(घ) पारदर्शी तरिकाले लेखापरीक्षण तथा सञ्चालन प्रमाणीकरणको विवरण दिने ।

(ङ) चालु अवस्थामा जोखिम निर्धारण तथा व्यवस्थापन गर्ने ।

(च) स्रोतहरूको स्वीकारमा यसको स्वतन्त्रतासँग सम्झौता हुँदैन ।

## शब्दकोश

आधारभूत मानवीय मापदण्डको उद्देश्यको लागि तलका परिभाषाहरू लागू हुन्छन्:

**उत्तरदायित्व:** विभिन्न दाताहरू, मुख्य रूपले शक्तिको प्रयोगबाट प्रभावितहरूले उत्तरदायित्वको जिम्मेवारी लिँदै गरिने शक्तिपूर्ण जिम्मेवारी ।

**कागजपत्र:** छलफल, सहमति, निर्णय अथवा कार्यका विवरणको रूप जुन पुन: प्रयोग गर्न सकिन्छ ।

**प्रभावकारिता:** कुनै पनि सहयोगले प्राप्त गर्ने लक्ष्यको फैलावट ।

**कार्यकुशलता:** मानवकल्याणकारी कार्यक्रमहरूमा लगानीअनुसार प्राप्त हुने परिमाणात्मक र गुणात्मक दुबै प्रतिफलको परिणाम ।

**प्रकोपबाट प्रभावित समुदाय र व्यक्तिहरू:** एउटा निश्चित स्थानमा प्रकोप, द्वन्द्व, गरिबी अथवा अन्य सङ्कटबाट प्रभावित महिला, पुरुष, केटाकेटीहरूको कूल सङ्ख्या, जसका आफ्नै आवश्यकता, क्षमता तथा कमजोरीहरू हुन्छन् ।

**प्रतिज्ञा:** संस्थाहरूले सञ्चार, सहकार्य, विचार-विमर्श, रुचिपूर्ण ढङ्गले प्रभावित दाताहरूलाई उनीहरूको ध्यान, इच्छा, आकाङ्क्षा, आवश्यकता, अधिकार र अवसरहरू स्थापना र लागू गर्न तथा तिनीहरूलाई लिएका कामको पुनरावलोकन गर्ने प्रक्रिया ।

**मानवकल्याण:** प्राकृतिक प्रकोप तथा मानवद्वारा उत्पन्न सङ्कटका अवस्थामा जीवन बचाउन, पीडालाई हटाउन र मानवीय प्रतिष्ठा व्यवस्थापन गर्नका लागि लिइने लक्ष्यसहितका कार्यहरू साथसाथै उनीहरूलाई बचाउने तथा तयार बनाउने कामहरू ।

**सङ्गठन/संस्था:** मानवतावादी केन्द्रीय मानकलाई प्रयोग गर्ने व्यवस्थापकीय संरचना र शक्तिसहितको एक तत्व वा हस्ती ।

**साझेदार:** निश्चित लक्ष्य प्राप्तिका लागि स्पष्ट र सहमतीय भूमिका तथा जिम्मेवारीहरूमा औपचारिक व्यवस्थापनसहित एकसाथ काम गर्ने संस्था ।

**नीति:** निर्णय लिनका लागि लिपिबद्ध गरिएका कथन र नियमहरु ।

**सुरक्षा:** उमेर, लिङ्ग, जातीय-सामाजिक, धार्मिक वा अन्य पृष्ठभूमिलाई ख्याल गर्दै सबै व्यक्तिहरूको पूर्ण र समान अधिकारलाई निश्चित गर्न लक्षित कार्यहरू (यो आपत्कालीन अवस्थामा तत्कालीन जीवनरक्षाभन्दा अलि बृहत् रुपमा हुन्छ) ।

**गुणस्तर:** मानवकल्याणकारी सहयोगका सबै गुण तथा विशेषताहरू, जसले यसको क्षमता, उचित समय, प्रतिबद्धता या लागू गरिएका आवश्यकता र आशाहरू साथै लक्षित वर्गका मानिसहरूको आत्मसम्मान जनाउँछ ।

**पुन:** विकास : महाविपत्तिबाट प्रभावित समुदाय वा समाजको विपत्तिलाई रोक्नु, आत्मसात गर्नु, अनुकूल तुल्याइ पुन: प्राप्त गर्नु ।

**कर्मचारी:** संस्थामा पदभार सम्हालेका राष्ट्रिय, अन्तर्राष्ट्रिय, स्थायी वा अल्पकालीन जागिरेका साथै स्वयम्सेवक तथा सहजकर्ताहरू ।

आधारभूत मानवीय मापदण्डमा उत्कृष्टता र प्रभावकारिताको मापदण्ड ले आफ्ना मानवकल्याणकारी कार्यमा आबद्ध संस्था र व्यक्तिहरूका लागि नौ बुँदे प्रतिबद्धताहरु जरी गरेको छ। यी प्रतिबद्धताहरुबाट संस्था तथा व्यक्तिले गर्ने सहयोगमा उत्कृष्टता र प्रभावकारिता बृद्धि गर्छ भन्ने विश्वास रहेको छ। यसले मानवकल्याणकारी संस्थाहरूको प्रतिबद्धतालाई ध्यानमा राख्दै सङ्कटमा परेका समुदाय र व्यक्तिहरूप्रतिको बृहत् उत्तरदायित्वलाई सरलीकरण गरेको छ।

मुख्य मापदण्डका लागि, आधारभूत मानवीय मापदण्डले आधारभूत तत्वको रूपमा सैद्धान्तिक, उत्तरदायी र उच्च गुणस्तरीय मानवकल्याणकारी कार्यको वकालत गर्दछ। मानवकल्याणकारी कार्यमा आबद्ध संस्थाहरूले आफ्ना आन्तरिक प्रक्रियाहरूलाई स्वैच्छिक सङ्केतका रूपमा प्रयोग गर्न सक्छन्। साथै, यसलाई कार्यक्षमताको वर्गीकरण गर्ने आधारको रूपका प्रयोग गर्न सकिन्छ।

जवाफदेहिता र गुणस्तर व्यवस्थापनका लागि आधारभूत मानवीय मापदण्ड १२ महिना तथा ३ चरणमा गरिएका छलफलहरु र ज्वए अन्तर्राष्ट्रिय संस्थाको सहयोगको परिणाम हो। सहयोगको खोजीमा र परियोजनामा हजारौं व्यक्ति तथा संस्थाहरूको गहन रूपमा आधारभूत मानवीय मापदण्डको विषयवस्तु विश्लेषण र मुख्य कार्यालयीय र स्थलगत तहको मूल्याङ्कन गरियो।

www.corehumanitarianstandard.org | infor@ corehumanitarianstandard.org

ISBN: 978-2-8399-1564-9